# सम्पूर्ण रोजगारदाताहरूमा

# श्रम बिमा गर्ने सन्दर्भमा

"श्रम बिमा" भन्ने शब्दले "**श्रम दुर्घटना बिमा**" (दुर्घटना क्षतिपूर्ति बिमा) र "**रोजगार बिमा**" लाई समावेश गर्दछ।
कृपया यस पर्चामा आधारित रही तपाईंको कार्यस्थलमा श्रम बिमा **अनिवार्य** छ या छैन जाँच गर्नुहोस् र निकटको प्रान्तीय श्रम विभाग, श्रम मापदण्ड निरीक्षण कार्यालय वा सार्वजनिक रोजगार सुरक्षा कार्यालय (हेलो वर्क) मा परामर्श लिनुहोस्।

## अनिवार्य रुपमा बिमा गर्नु पर्ने कार्यस्थलहरु

◆निम्न कार्यस्थलहरू कानुनी रूपमा श्रम बिमा मा सामेल हुनु पर्दछ। (अनिवार्य रुप मा बिमा को लागि निवेदन पेस गर्नु पर्ने

जस्तो सुकै रोजगार, अस्थायी, फुल टाइम वा पार्ट टाइम जहाँ **एक वा सो भन्दा बढी श्रमिक लाई रोजगारी दिइएको छ, ती कार्यस्थलहरू कार्यस्थलहरू अनिवार्य रूपमा सामेल** हुनु पर्ने छ।

※केही निजी स्वामित्व मा सञ्चालित कृषि, वन तथा माछा पालन व्यवसायहरू जसले ५ जना भन्दा कम श्रमिकहरू प्रयोग गर्दछ ती व्यवसायहरू लाई यस प्रावधान बाट बाहिर राखिएको छ।
※आवश्यक प्रावधान हरू पुरा गरेको खण्डमा अनिवार्य रूपमा सामेल हुनु पर्ने व्यवसायहरू बाहेक अन्य संस्थाहरू पनि श्रम दुर्घटना र रोजगार बिमामा सामेल हुन सक्ने छन्। (वैकल्पिक)

## "श्रमिक" को परिभाषा

"**श्रमिक**" भनेको उपलब्ध गराइएको श्रमको प्रकारमा ध्यान नदिई व्यवसाय वा कार्यस्थलमा श्रम आपूर्ति गर्ने व्यक्ति हो, **जसलाई मजदुरी गरे बापत क्षतिपूर्तिको रूपमा आधारभूत पारिश्रमिक** दिइन्छ।

**आंशिक–समय का श्रमिक (पार्ट टाइम, अरुबाइतो, आदि) को बारेमा**

"श्रम दुर्घटना बिमा" आंशिक–समय का श्रमिक सहित सबै श्रमिकहरू का लागि अनिवार्य छ।
यद्यपि "रोजगार बिमा" को हकमा भने केही आधारभूत सर्तहरू पूरा नगरेका श्रमिकहरू मा लागु हुने छैन ।
※यसबाहेक संस्था को सञ्चालक समिति का सदस्य र सो सदस्यहरू सँग बसोबास गर्ने पारिवारिक सदस्यहरू को हकमा पनि लागु नहुने सम्भावना रहन्छ।

## बिमा शुल्क कहाँ प्रयोग गरिन्छ ?

◆ तपाईंले भुक्तान गर्नुभएको बिमा प्रिमियम, श्रम दुर्घटना बिमा र रोजगार बिमा को मुआब्जा को लागि निम्न प्रकारले प्रयोग गरिन्छ।

**श्रम दुर्घटना**

काम (या व्यापार) को सिलसिलामा यात्रा गर्दा वा कार्य क्षेत्र मा चोटपटक लागेमा साथै, बिरामी परेमा वा मृत्यु भएमा, **पीडित व्यक्ति र परिवार लाई सुरक्षा** स्वरूप सहयोग प्रदान गरिन्छ।

※ वित्तीय वर्ष २०१८ मा करिब ९० हजार व्यक्तिलाई चिकित्सा उपचार (क्षतिपूर्ति) प्रदान गरियो भने लगभग २ लाख १० हजार व्यक्तिलाई श्रम दुर्घटना पेन्सन (क्षतिपूर्ति) प्रदान गरियो ।

**रोजगार बिमा**

श्रमिकले आफ्नो जागिर गुमाएमा या वर्तमान जागिर जारी राख्न कठिनाइ भएमा, साथै रोजगार अवसर को बढावा र **जीविका उपार्जन सँग सम्बन्धित प्रशिक्षण या शिक्षा लिइरहेको** खण्ड मा पनि समर्थन प्रदान गर्दछ।

※ वित्तीय वर्ष २०१८ मा करिब १० लाख ६० हजार व्यक्तिलाई "सामान्य रोजगारी खोजी सुविधा" (तथाकथित बेरोजगारी भत्ता) प्रदान

## प्रिमियम भुक्तानी कसले गर्दछ?

◆श्रम बिमा प्रिमियम श्रमिकहरूलाई भुक्तानी गरिने कुल पारिश्रमिक बाट प्रिमियम दर मा आधारित रही हिसाब गरिन्छ। (श्रम दुर्घटना

बिमा दर + रोजगार बिमा दर)

श्रम बिमा अन्तर्गत "**औद्योगिक दुर्घटना क्षतिपूर्ति बिमा" को सम्पूर्ण रकम व्यवसायी द्वारा भुक्तान गरिन्छ भने "रोजगार बिमा" व्यवसायी र श्रमिक दुवै मिली भुक्तान** गरिन्छ।

※श्रम बिमा प्रिमियम, रोजगार को प्रकारमा निर्भर गर्दछ, श्रम दुर्घटना बिमा दर र रोजगार बिमा दर प्रत्येक प्रकारको पेसा अनुसार निर्धारण गरिएको छ।

## यदि रोजगारदाताले बिमाको बेवास्ता गरेमा के हुन्छ ?

### 1. विगतको बिमा प्रिमियम भुक्तानी सङ्कलन को अलावा, अतिरिक्त शुल्क पनि सङ्कलन गरिनेछ ।

श्रम बिमाको आवेदन नगरेका रोजगारदाताहरू लाई सरकारले पहिला आवेदन गराउन को लागी कदम चाल्नेछ र त्यस पछि श्रम बिमा प्रिमियमको रकम निर्धारण गर्दछ।

त्यस बेला, भुक्तानी गर्न बाकी विगतको बिमा प्रिमियम र साथै अतिरिक्त शुल्क पनि सङ्कलन गरिनेछ। यदि भुक्तानी गर्न भएको खण्ड मा चल अचल सम्पत्ति जफत गरिनेछ।

### 2. यदि कुनै कार्य सम्बन्धित दुर्घटना घटेमा, औद्योगिक दुर्घटना क्षतिपूर्ति लाभ को सम्पूर्ण वा आंशिक रकम सङ्कलन गरिनेछ।

रोजगारदाताले जानाजानी वा लापरबाहीपूर्वक श्रम दुर्घटना बिमाको आवेदन नगरेमा र तथाकथित अवधिमा भएको दुर्घटनाको

श्रम दुर्घटना बिमा लाभ लिएमा, श्रम मापदण्ड कानुनको प्रावधान अन्तर्गत रही रोजगारदाता बाट बिमा रकमको सम्पूर्ण वा आंशिक लाभ भुक्तानी सङ्कलन गरिनेछ।

### 3. रोजगार समर्थन अन्तर्गत को अनुदान प्रदान गरिने छैन।

बिमा प्रिमियम भुक्तानी बकाया रहेको अवस्थामा रोजगारसँग सम्बन्धित अनुदानहरू प्राप्त गर्न सकिने छैन। उदाहरणका लागि

"रोजगार समायोजन अनुदान" (जुन अनुदान अन्तर्गत रोजगारदाता लाई श्रमिक को काम बरकरार राखी बिदा बस्ने सुविधा को

गर्दछ) र "विशेष रोजगारी विकास अनुदान" (बुजुर्ग वा अशक्तता भएका कारण रोजगारी पाउन कठिनाइ भएका व्यक्तिहरूलाई

रोजगार दिने रोजगारदाताले पाउने अनुदान)।

## श्रम बिमा आवेदन प्रक्रिया कहाँ गर्न सकिन्छ ?

आवेदन प्रक्रिया, श्रम मानक निरीक्षण कार्यालय वा कुनै पनि सार्वजनिक रोजगार सुरक्षा (हेलो वर्क) मा गर्न सकिन्छ। आवेदन प्रक्रिया पुरा नगरेका रोजगारदाताहरूले सकेसम्म चाँडो मानक निरीक्षण कार्यालय वा कुनै पनि सार्वजनिक रोजगार सुरक्षा कार्यालय (हेलो वर्क) मा गर्नुहोला।

## बैंक ट्रान्सफर मार्फत पनि श्रम बिमा प्रिमियम भुक्तान सम्भव छ।

- श्रम बिमा प्रिमियम वा सामान्य योगदानहरू बैङ्क ट्रान्सफर मार्फत भुक्तान गर्न सकिन्छ।
- बैंक ट्रान्सफर प्रयोग गर्नका लागि कृपया खाता नम्बर, आदि सहित आवेदन फारम भर्नुहोस् र खाता भएको वित्तीय संस्थाको काउन्टरमा बुझाउनुहोस्।
- विस्तृत जानकारीका लागि कृपया स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको होम पेज हेर्नुहोस्।

**स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालय·प्रान्तीय श्रम ब्युरो·श्रम मानक निरीक्षण कार्यालय·सार्वजनिक रोजगार सुरक्षा कार्यालय।**

R2.12